जीतपुरसिमरा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
जितपुर, बारा
प्रदेश नं. २, नेपाल

## औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**प्रथम प्रकाशित मिति : २०७६।०२।२४ गते**

यस कार्यलयको लागि चालु आ.व. २०७५।०७६ मा आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गरिने हुँदा ईच्छुक कानुनी रुपमा ग्राह्य फर्महरुले निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

तपसिल

| दरभाउ पत्र नं. | समानको विवरण | बेलपत्र दस्तुर रु. | धरौटी रकम | कै |
|---|---|---|---|---|
| JSMC/SQ/GOODS//NS/23/075/076 | औषधी तथा औषधीजन्य सामाग्रीहरु | १०००।०० | ५०,०००।०० | |

**शर्तहरु**

१) दरभाउपत्र दाताले खामको बाहिरपट्टी दरभाउपत्रको नं., दरभाउपत्र पेश गर्ने फर्मको नाम, ठेगाना र यस उपमहानगरकार्यपालिकाको नाम र ठेगाना प्रष्ट लेख्नु पर्नेछ।

२) शिलबन्दी दरभाउपत्र फाराम माथी उल्लेख भए अनुसारको (पछि फिर्ता नहुने गरी) रकम तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ।

३) दरभाउपत्र दाखिला गर्दा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपी र आ.ब. ०७४।०७५ को कर चुक्ता पत्र पेश गर्नु पर्नेछ।

४) दरभाउपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कनै कार्यवाही हुने छैन।

५) यस कार्यालयबाट प्रमाणित भएको सक्कल दरभाउपत्र मात्र मान्य हुनेछ।

६) दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस उ.म.न.पा. नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका शिलबन्दी दरभाउपत्र १६ औं दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाताको रोहवरमा शिलबन्दी दरभाउपत्र खोलिने छ। उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। दरभाउपत्र खोल्दा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७) दरभाउ पत्र कुनै शर्त राखि पेश गर्न पाइने छैन।

८) उपमहानगरपालिका भित्र रहेको फर्म, कम्पनी वा व्यवसायीहरुले नगरपालिकाबाट व्यवसाय इजाजतपत्र लिएको प्रमाण बोलपत्र साथ पेश गर्नु पर्नेछ।

९) धरौटी रकम यस कार्यालयको रा.वा. बैंक कलैया शाखामा रहेको हि.नं. १२६०३०३००७११० धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ७५ (पचहत्तर) दिनको म्याद भएको बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नुपर्नेछ।

१०) दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ। सम्झौता गर्दा दरभाउपत्र दाताले स्वीकृत कबोल अंकको ५% (पाँच प्रतिशत) बराबरको नगद जमानत वा कम्तिमा वारेन्टी अवधी सम्मको म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" श्रेणी का वाणिज्य बैक बाट यस कार्यालयको नाममा जारी परफमेन्स वण्ड सम्झौता अगावै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

११) नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त हुन आएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा स्थगन गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२) दरभाउ पत्रमा उल्लेख भएको औषधीहरुको परिणाम थपघट समेत हुन सक्ने छ यसरी थपघट भएता पनि दरभाउपत्र दाताले कबोल गरेको दररेटमै औषधी उपलब्ध गराउनु पर्ने छ। सम्पुर्ण करहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्ने छ।

शिवराज सेढाई
प्रमुख प्रशासकीय अधिकृत

१३) स्वीकृत दरभाउपत्र दाताले समानमा अंकित मुल्य भन्दा वढी दर पेश गर्न पाइने छैन । साथै दरभाउपत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधि भित्र समान बुझाउनु पर्ने छ । समानको केही अंश वा सम्पुर्ण समान बुझाउन नसकेमा प्रचलित ऐन कानुन वमोजिम कार्वाही हुनेछ ।

१४) दरभाउपत्र दाताले आपुर्ती गर्ने प्रत्येक समानहरुको शिलवन्दी नमुना पेश गर्नु पर्ने छ ।

१५) सम्झौता र दरभाउपत्रमा उल्लेख भएको एस्पेसिफिकेशन बमोजिमको गुणस्तरयुक्त, WHO बाट GMP गुणस्तर कायम औषधी सप्लाई गर्नु पर्नेछ । प्रत्येक पाकेट वाहिर उत्पादन मिति, EXP. Date, व्याच नं. साथै **निशुल्क वितरणको लागि** भन्ने उल्लेख भएको हुनु पर्ने छ । साथै तोकिएको समयमा सामान सप्लाई नगरेमा वा आलटाल गरेमा धरौटी जफत गरी उपमहानगरपालिकाले ठेक्का सम्झौता तोड्न सक्नेछ ।

१६) दरभाउपत्र दाताले उपलव्ध गराएको औषधी गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च दरभाउपत्र दाताले व्यहोर्नु पर्ने छ । प्रयोगशालामा परिक्षण गर्नु पर्ने अवस्था आएमा सोको लाग्ने खर्च दरभाउपत्र दाताले नै व्यहोर्नु पर्ने छ ।

१७) औषधी तथा सर्जिकल समानहरुको EXP. Date हकमा कार्यालयमा बुझाएको मिति देखी कम्तिमा १८ (अठार) महिना हुनु पर्ने छ । साथै १८ (अठार) महिना भन्दा कम EXP. Date हुनेको हकमा ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्ने छ ।

१८) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

१९) अन्य केही बुझ्नु परेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ ।

२०७८।१।२३

शिवराज सेढाईं

प्रमुख प्रशासकीय अधिकृत